श्रोतः कान्तिपुर, २०७२/३/५

# फेरि अदालतको आड खोज्यो ठेकेदारले

- ## राहुघाटको ठेक्का खारेजी प्रकरण

[लोकमणि राई]

राहुघाट जलविद्युत् आयोजनाका सिभिल ठेकेदार आईभीआरसीएल लिमिटेडले पाटन पुनरावेदन अदालतमा दोस्रो पटक मुद्दा दायर गरेको छ ।

आईभीआरसीएलले यसअघि खारेज भएकै प्रकृतिको मुद्दा पाटन पुनरावेदनमै दोस्रो पटक दायर गरी विद्युत् प्राधिकरणविरुद्ध 'स्टे अर्डर' गराउन खोजेको छ । स्टे अर्डर जारी भए प्राधिकरणले कानुनी रूपमा पाउने करिब ७६ करोड रुपैयाँ गुमाउनेछ ।

आईभीआरसीएलले 'ठेक्का सम्झौता खारेज रोकी पाउँm' र 'जमानत जफत हुनबाट रोकि पाउँm' भन्दै बिहीबार दोस्रो पटक पाटन पुनरावेदन अदालतमा मुद्दा दायर गरेको हो । 'यही असार १५ भित्र जमानत जफत गरिसक्नुपर्छ,' प्राधिकरण स्रोतले भन्यो, 'होइन भने कानुनी रूपमा जफत गर्न सक्दैनौं ।'

यसअघि फागुन ९ मा पनि आईभीआरसीएलले प्राधिकरणविरुद्ध 'ठेक्का सम्झौता खारेज रोकी पाउँm' र 'जमानत जफत हुनबाट रोकी पाउँm' भन्दै मुद्दा दायर गरेको थियो । त्यतिबेला पाटन पुनरावेदन अदालतले स्टे अर्डर जारी गर्दा प्राधिकरणले ठेक्का सम्झौता खारेज गर्न सकेको थिएन । दायर भएको करिब ३ महिना ८ दिन अल्झिएपछि गत जेठ १७ मा अदालतले आईभीआरसीएलको मुद्दा खारेज गरिदिएको थियो । त्यसपछि प्राधिकरणलाई ठेक्का सम्झौता खारेज गर्ने बाटो खुलेको थियो ।

राहुघाट आयोजना प्रमुख कुलमान घिसिङले तयार गरेको प्रस्ताव जेठ २८ मा बसेको सञ्चालक समितले स्वीकृत गरेको थियो । समितिको बैठकले राहुघाटको ठेक्का सम्झौता खारेज गरी जमानत जफत गर्ने निर्णय गरेको थियो । आयोजनाको कार्यालयले भने प्राधिकरण केन्द्रीय कार्यालयबाट एक सातापछि बिहीबार मात्र निर्णय पाएको थियो । 'हामीले सञ्चालक समितिको निर्णय पाउनसाथ बिहीबारै जमानत जफतका लागि बैंक र ठेक्का सम्झौता खारेज भएको पत्र ठेकेदार आईभीआरसीएललाई दिइसक्यौं,' घिसिङले भने, 'असार १५ भित्र जमानत जफत गर्न सकिएन भने कानुनी रूपमा पाउने ठूलो रकम गमाउँछौं ।'

प्राधिकरणले अदालतदे स्टे पहिलै खारेज गरिसकेको मुद्दामा स्टे अर्डर जारी नगर्ने विश्वास गरेको छ । 'पहिलै खारेज भएको मुद्दामा कसरी स्टे अर्डर जारी होला र ?' प्राधिकरणका एक उच्च अधिकारीले भने, 'अदालत बिक्ने कुरा हुँदैन ।'

३२ मेगावाटको राहुघाटका सिभिल ठेकेदार आईभीआरसीएलसँग २०६७ कात्तिक १८ मा ठेक्का सम्झौता भएको थियो । साढे ३ वर्षमा आयोजना सक्नुपर्ने भए पनि आईभीआरसीएलले हालसम्म झन्डै १२ प्रतिशत मात्र काम गरेको छ । 'करिब ६० करोड रुपैयाँ भुक्तानी लगिसकेको छ,' प्राधिकरण स्रोतले भन्यो, 'काम भने १० करोड रुपैयाँभन्दा बढीको गरेकै छैन ।' ठेक्का सम्झौता खारेज भएपछि नयाँ प्रक्रिया सुरु गरेर यो आयोजना निर्माण गर्न करिब ५ वर्ष लाग्छ ।

श्रोतः नयाँ पत्रिका, २०७२/३/५

# काबेली करिडोरको डेढ वर्ष म्याद थप

*ख्याम भुजेल*

सरकारले उच्च प्राथमिकतामा राखेको काबेली विद्युत् प्रसारण लाइन (करिडोर) तोकिएको समयमा पूरा नहुने भएपछि आयोजनाको म्याद थपिएको छ । आगामी ७ साउनसम्म निर्माण सक्नुपर्ने १ सय ३२ केभी प्रसारण क्षमताको विद्युत् प्रसारण लाइनको डेढ वर्ष म्याद थपिएको आयोजना प्रमुख दीपेन्द्रराज द्विवेदीले जानकारी दिए ।

विश्व बैंकको २ अर्ब ५८ करोड रुपैयाँको लगानीमा विद्युत् प्राधिकरणले निर्माण गरिरहेको आयोजना निर्धारित चार वर्षको समयमा पूरा नभएपछि म्याद थपिएको हो । अहिलेसम्मको कामलाई हेर्ने हो भने थपिएको डेढ वर्षमा पनि आयोजना पूरा हुने छाँटकाँट देखिँदैन । तर, आयोजना प्रमुख द्विवेदी थपिएको समयमा आयोजना निर्माण सम्पन्न हुने दाबी गर्छन् ।

'गत चैतदेखि कामको गतिलाई बढाएका छौँ,' उनले भने, 'यही गतिमा काम भए थपिएको समयमा कोरिडोर निर्माण सकिन्छ ।'

झापाको लखनपुरदेखि पाँचथरको अमरपुर जोड्ने ९० किलोमिटर दूरीको प्रसारण लाइनका लागि दुई सय ५९ वटा टावर निर्माण गर्नुपर्नेछ । टावर निर्माणको कामले गति लिन सकेको छैन ।

लखनपुरदेखि इलामसम्म ९४ टावर निर्माण गर्नुपर्नेमा चार वर्षको अवधिमा ८६ वटा मात्रै टावर बनेका छन् । आयोजनाले टावर निर्माणमा धेरै समस्या व्यहोर्नुपरेकाले कामले गति लिन नसकेको द्विवेदी बताउँछन् । 'सामाजिक समस्याका कारण टावर निर्माणले गति लिन नसकेको हो,' उनले भने, 'मुआब्जा वितरण, वन क्षेत्रका रूख कटानलगायत कारणले टावर निर्माण ढिलो भएको हो ।'

इलामदेखि अमरपुरसम्म बन्नुपर्ने एक सय ६५ वटा टावरको काम सुरु नै नभएकाले थपिएको म्यादमा समेत आयोजना पूरा हुन मुस्किल छ । आयोजनाले सब–स्टेसन निर्माण अन्तिम चरणमा पुगेको जनाएको छ ।

झापाको लखनपुरमा सब–स्टेसन बनिसकेको छ । इलामको गोदक, पाँचथरको थापाटार र अमरपुरमा सब–स्टेसन निर्माण अन्तिम चरणमा रहेको र असार मसान्तभित्र निर्माण सकिने बताइएको छ ।

'सब–स्टेसन निर्माणमा समस्या भएन,' उनले भने, 'टावर निर्माणका लागि रूख कटानलगायत अन्य काम जिम्मा लिएकाले नगर्दा ढिलो भएको हो ।' रूख काट्न जिम्मा लिएका सामुदायिक वनले सम्झौताभन्दा थप रकम माग्न थालेपछि ढिला भएको उनले जानकारी दिए ।

मेची अञ्चलमा उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रसारण लाइनमा जोड्न निर्माण थालिएको काबेली करिडोर निर्माण सम्पन्न नहुनुमा निर्माण कम्पनीको पनि दोष रहेको द्विवेदी बताउँछन् । 'निर्माण जिम्मा लिएका भारतीय कम्पनीले एकपछि अर्को बहाना देखाएर काम गर्न ढिलो गरे,' उनले भने, 'त्यसैले समयमा सकिएन ।'

पहिलो खण्ड मानेर प्राथमिकता दिइएको लखनपुर सब–स्टेसनदेखि इलामको गोदक सब–स्टेसनसम्मको काम पूरा गर्न लामो समय लाग्ने देखिन्छ । अझ पाँचथरको अमरपुरसम्म पुर्‍याउन गाह्रो छ । पाँचथरको जोरसालदेखि पल्लोटार खण्डमा पनि मुआब्जा समस्या देखिएको छ । दुई किलोमिटरको त्यस खण्डमा स्थानीयले घडेरीका रूपमा किनेको जग्गामा टावर बनाई प्रसारण लाइन विस्तार गर्न नदिने भन्दै रुट परिवर्तन माग राखेका छन् ।

आयोजना प्रमुख लाइनको रुट परिवर्तन नहुने बताउँछन् । 'त्यसरी रुट परिवर्तन गर्न थालियो भने आयोजना बन्दैन,' उनले भने, 'कसैले ठाउँ दिएनन् भने कहाँबाट लाइन विस्तार हुन्छ ?' उनले त्यस क्षेत्रको समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिए ।

विद्युत् प्रसारण लाइनको कामले गति नलिँदा यस क्षेत्रमा निर्माण सकिएका आयोजना मारमा परेका छन् । प्रसारण लाइन नबन्दा निर्माणाधीन आयोजनाले पनि सुस्त गतिमा मात्रै काम गरिरहेका छन् ।

'करिडोर नै बनिसकेको छैन, हामीले किन हतार–हतार सिध्याउनु,' अपरमाई हाइड्रो प्रोजेक्टका प्रबन्ध निर्देशक सन्तोष प्रधानले भने, 'त्यसैले बिस्तारै काम गर्दै छौँ ।' अपरमाईले मुख्य आयोजना नसिध्याउँदै सहायक आयोजना निर्माण थालेको छ ।

इलामको चिसापानीमा निर्माण सकिएको सानिमा माई जलविद्युत् आयोजनाको पनि उत्पादन केन्द्रीय प्रसारण लाइनमा जोडिएको छैन । माईखोला र पुवाखोलामा निर्माणको अन्तिम चरणमा पुगेका आयोजनाले विद्युत् उत्पादन थाले पनि केन्द्रीय प्रसारणमा जोड्ने अवस्था छैन ।

पाँचथरको हेवा खोलामा निर्माणाधीन १५ मेगावाटको जलविद्युत् आयोजना असोजमा सकिँदै छ । आयोजनाले पनि उस्तै समस्या भोग्नुपर्ने अवस्था छ ।

श्रोतः राजधानि दैनिक, २०७२/३/६

# चमेलियामा 'नरम' बन्दै लेखा समिति

निर्माणाधीन ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजना निर्माणका क्रममा अनियमितता भएको भन्दै अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्र लेखेको संसद्को सार्वजनिक लेखा समिति 'नरम' रूपमा प्रस्तुत हुने भएको छ ।

लेखा समितिको निर्णयका कारण नेपाल विद्युत् प्राधिकरणका अधिकारीहरूले चमेलिया जलविद्युत् आयोजनाको ठेकेदार कम्पनीलाई त्रासका कारण भुक्तानी नगरेपछि र ठेकेदार कम्पनीले समेत काम सुस्त बनाएपछि समिति नरम रूपमा प्रस्तुत हुने भएको हो ।

अनियमितताको कारण देखाउँदै भुक्तानीमा कडाइ गरेको लेखा समितिले एउटा स्वतन्त्र विज्ञको नेतृत्वमा रहने प्राविधिक÷मूल्यांकन अनुगमन समितिको गठन गरी भुक्तानीमा नरम नीति लिने भएको हो ।

छुट्टै कार्यविधि बनाएर बन्ने विज्ञ नेतृत्वको समूहमार्फत भौतिक प्रगति मूल्यांकन गरी सञ्चालक समितिमा प्रतिवेदन पेस गरी यसका आधारमा भुक्तानी दिने व्यवस्था गर्न लागिएको छ । सोमबार हुने लेखा समितिको बैठकमा भुक्तानीलाई कार्यविधिबारे छलफल गरेर आयोजना निर्माणमा सहजीकरण गर्न लागिएको छ । 'छिट्टै आयोजनाको काम सकियोस् र अनियन्त्रित आर्थिक अपचलन पनि नहोस् भनेर आयोजना अघि बढाउनका लागि नरम नीति लिन लागिएको हो,' लेखा समितिका सदस्य रामहरि खतिवडाले भने, 'चमेलियाका नाममा ऊर्जा मन्त्रालयमा आउने मन्त्री र प्राधिकरणका कर्मचारी मोटाउने र आयोजना नबन्ने प्रवृत्तिको अन्त्यका लागि छिट्टै सम्पन्न गर्ने बीचको बाटो अबलम्बन गरिन लागेको हो ।'

कार्यविधिमा स्वतन्त्र विज्ञको नेतृत्वमा ऊर्जा मन्त्रालय र प्राधिकरणका एक÷एक प्रतिनिधि रहेको समिति गठन गरी समितिले दिएको प्रतिवेदनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । ठेकेदार कम्पनीले साँघुरिएका ८ सय ४३ मिटर सुरुङमध्ये ठेकेदार कम्पनीले सिजीजीसीले सम्पन्न गरेको ६ सय ११ मिटरको भौतिक प्रगतिको मूल्यांकन प्रतिवेदन समितिमार्फत गर्ने तथा सोका लागि १० दिनको खर्च ८२ हजार तथा बाँकी २ सय ३२ मिटरको मूल्यांकन प्रतिवेदनबापतको ६७ हजार रुपैयाँ लाग्ने प्रसताव ऊर्जा मन्त्रालयले लेखा समितिमा पेस गरेको छ । सबै सदस्य तथा अन्य खर्च गरी कुल १२ लाख ३८ हजार रुपैयाँ अनुगमन तथा मूल्यांकनका लागि लाग्ने प्रस्ताव लेखा समितिमा ऊर्जाले प्रस्ताव गरेको छ ।

आयोजनाको निर्माण कार्य अघि नबढेपछि ऊर्जा र प्राधिकरणका अधिकारीले लेखा समितिका कारण आयोजनाको काम अघि नबढेको बताउँदै आएका थिए । २८ जेठमा लेखा समितिले जलविद्युत् आयोजनाको काम रोक्ने र सबै भुक्तानी दिनका लागि लेखा समितिले रोक नलगाएको भन्दै आयोजना काम अघि बढाउन ऊर्जा मन्त्रालय र विद्युत् प्राधिकरणलाई निर्देशन दिएको थियो ।

चमेलिया जलविद्युत् आयोजनामा अनियमितता भएको भन्दै यसअघि लेखा समितिले भेरियसन नम्बर ६ को भुक्तानी रोक्का गर्न निर्देशन दिएपछि भुक्तानी नपाएको भन्दै ठेकेदार कम्पनीले खास काम अघि बढाएको छैन ।

आयोजनाको ९६ प्रतिशत काम सकिएको छ भने २०६८ सालमै निर्माण सम्पन्न हुने आयोजनामा ढिलाइ हुँदै आएको छ । चमेलियाको प्रतिमेगावाट ५० करोड नाघेपछि आयोजनामा व्यापक अनियमितता भएको आरोप लाग्दै आएको छ । सुरुमा करिब ८ अर्ब लागत रहेको आयोजनाको लागत बढेर १५ अर्ब ६ करोड रुपैया“ पुगिसकेको छ । २०६४ सालको माघ महिनामा आयोजनाको निर्माण सुरु भएको थियो ।

श्रोतः  कान्तिपुर,  २०७२/३/६

# प्राधिकरणद्वारा खोला कब्जा

*लोकमणि राई*

विद्युत प्राधिकरणले झन्डै आधा दर्जन जलविद्युत् आयोजनाको अनुमतिपत्र कामै नगरी 'होल्ड' गरेर राखेको छ । केही आयोजनाको अनुमति लिन नपर्ने भएपछि ती आयोजना पनि प्राधिकरणको कब्जामा छन् ।

'झोलामा खोला राखेको' भन्दै गत वर्ष भदौमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रको १४ वटा जलविद्युत् आयोजनाको अनुमतिपत्र खारेज गरेको थियो । तर, प्राधिकरणले काम नगरी 'होल्ड' गरेको आयोजनाको अनुमतिपत्र कसैले रद्द गरेको छैन । कतिपय आयोजनामा भने प्राधिकरणले सरकारका तर्फबाट आयोजना बनाउने भन्दै विद्युत् विकास विभागले अनुमतिपत्र जारी गर्न नपर्ने जनाएपछि ती आयोजना कहिलेसम्म होल्ड हुने भन्ने अन्योल छ ।

प्राधिकरणले कामै नगरी लामो समय होल्ड गरेका आयोजनामा ३ सय मेगावाटको दूधकोसी, ३ सय ३५ मेगावाटको माथिल्लो अरुण, ८७ मेगावाटको तामाकोसी ५, १ सय ८० मेगावाटको आँधीखोला, ३ सय मेगावाटको उत्तरगंगा र २ सय मेगावाटको तमोर जलविद्युत आयोजना छन् । यी आयोजनाको कुल जडित क्षमता १ हजार ४ सय २ मेगावाट प्रस्तावित गरिएको छ ।

सन् १९९१ मा सम्भाव्यता अध्ययन भएको ३ सय ३५ मेगावाटको माथिल्लो अरुण जलविद्युत आयोजनाको समीक्षा अध्ययन विद्युत प्राधिकरणले सन् २०११ मा गर्‍यो । प्राधिकरणले यो आयोजना विकासका लागि २०६५ भदौ ५ मा विद्युत विकास विभागसँग सर्वेक्षण अनुमतिपत्र मागेको थियो । तर विभागले 'प्राधिकरणले सरकारका तर्फबाट आयोजना बनाउने भएकाले सर्वेक्षण अनुमतिपत्र जारी गर्न नपर्ने' जवाफ दियो । त्यसपछि उक्त आयोजना प्राधिकरणको कब्जामा छ । तर, हालसम्म उक्त आयोजना निर्माणका लागि प्राधिकरणले प्रस्ताव आह्वान (आरएफपी) जारी गर्न सकेको छैन ।

कोसी नदी किनारा गुरुयोजना अध्ययन गर्दा सन् १९८५ मा पहिचान गरिएको दूधकोसी जलाशययुक्त आयोजनाको सम्भाव्यता अध्ययन प्राधिकरणले सन् १९९८ मै गरेको थियो । प्राधिकरणले सम्भाव्यता अध्ययन गरेकाले यो आयोजनामा अरूले आँखा लगाउने हिम्मत गरेनन् । तर, प्राधिकरणले सन् २०१३ मा मात्र विभागमा अनुमतिपत्रका लागि निवेदन दियो । विभागले करिब २ वर्ष ४ महिनाअघि अनुमतिपत्र

जारी गरेपनि प्राधिकरणले उक्त आयोजना निर्माणका लागि आशयपत्र आह्वान (ईओआई) को चरणमात्र पूरा गरेको छ । 'आरएफपीका लागि अर्को एक वर्ष लाग्छ,' प्राधिकरण स्रोतको भनाइ छ ।

प्राधिकरणले बनाउने भनिएको ८७ मेगावाटको तामाकोसी ५ परामर्शदाता छनोटका लागि प्राधिकरण सञ्चालक समितिमा ईओआई अल्झिएको छ । सन् २०१०/२०११ मा विद्युत प्राधिकरणले सम्भाव्यता अध्ययन गरेको यो आयोजना ईओआई पारित नभएकैले हालसम्म अघि बढ्न सकेको छैन । यो आयोजना ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीको क्यास्केड प्रोजेक्ट (माथिको आयोजनाले विद्युत उत्पादन गरी फालेको पानी प्रयोग गर्ने । हो ।

१ सय ८० मेगावाटको आँधीखोला जलविद्युत अयोजनाको सम्भाव्यता अध्ययन पनि प्राधिकरणले करिब ४ वर्षअघि नै सिध्याएको थियो । तर, जलाशयमा आधारित यो आयोजना विद्युत प्राधिकरणको १५ प्रतिशत सेयर रहने गरी सीजीजीसी नामक चिनियाँ कम्पनीलाई बनाउन दिने खोजिएपछि अघि बढ्न सकेको छैन ।

त्यस्तै विभागले जलाशयमा आधारित तमोर जलविद्युत आयोजना २ सय मेगावाटमा मात्र निर्माण गर्न २०७० साउनमा प्राधिकरणलाई अनुमतिपत्र दिएको छ । तर, प्राधिकरणले २ सय मेगावाटमा बनाउँदा धान्न नसकिने भन्दै ७ सय ६२ मेगावाटमा बनाउन लबिङ गरिरहेको छ । विभाग र प्राधिकरणबीच कुरा नमिल्दा यो आयोजना बन्ने/नबन्ने टुंगो छैन । 'अध्ययनको काम तीव्र छ,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने । सन् १९८५ मा पहिचान गरिएको यो आयोजनामा प्राधिकरणले सन् २००९ देखि नै काम गरिरहेको छ ।

जलाशयमा आधारित उत्तरगंगाको पनि प्राधिकरणले लाइसेन्स पाएको छैन । तर, सरकारको लगानीमा यो आयोजनाको सम्भाव्यता अध्ययनको काम विद्युत प्राधिकरणले केही महिनाअघिदेखि तीव्र पारेको छ । यो आयोजना बनाउने पहल प्राधिकरणले सन् २०११/०१२ देखि नै गरेको थियो ।

प्राधिकरणले ६२ मेगावाटको अपर मोदी ए र १८ मेगावाटको अपर मोदीसहित १ हजार ४ सय ८२ मेगावाटको यतिबेला ८ वटा जलविद्युत आयोजना काम गरिरहेको छ । प्राधिकरणले यी दुई आयोजना निर्माणका लागि सन् २००० मै सम्भाव्यता अध्ययन सकेको थियो । तर, करिब १२ वर्षपछि सन् २०१२ मार्चमा मात्र प्राधिकरणको ३० प्रतिशत सेयर रहने गरी कोरियाको के वाटरसँग ज्वाइन्ट डेभलपमेन्ट एग्रिमेन्ट गर्‍यो ।

कार्यकारी निर्देशक काफ्लेले प्राधिकरणले किन लाइसेन्स ओगटेर बसेको भन्ने प्रश्नमा भने, ‘यो बुझाइमा भर पर्ने कुरा हो । अहिले काम भइरहेको छ ।’ प्राधिकरणकै केही अधिकारीहरू भने विकासका दृष्टिबाट हेर्ने हो भने प्राधिकरणले लाइसेन्स ओगटेर विकासविरोधी काम गरेको भन्न मिल्ने बताउँछन् ।

श्रोतः नयाँ पत्रिका, २०७२/३/६

# राहुघाट ठेकेदारको बैंक ग्यारेन्टी जफत गर्न पत्राचार

राहुघाट जलविद्युत् आयोजनाले मुख्य सिभिल संरचनाको ठेकेदार भारतीय कम्पनी आइभिआरसिएले राखेको अग्रिम भुक्तानी र कार्यसम्पादन बैंक ग्यारेन्टी जफत प्रक्रिया अगाडि बढाएको छ ।

आयोजना प्रमुख कुलमान घिसिङले विद्युत् प्राधिकरण सञ्चालक समितिको निर्णयअनुसार बैंक ग्यारेन्टी जफत गर्न शुक्रबार बैंकलाई पत्राचार गरिएको जानकारी दिए ।

सम्झौताअनुसार काम नगरेपछि प्राधिकरणले निर्माणाधीन ३२ मेगावाटको आयोजनाको ठेक्का तोड्ने निर्णय गरेको थियो । आइभिआरसिएले भारतीय बैंक आइसिआइसिआईको बैंक ग्यारेन्टी बुझाएको थियो ।

भारतीय बैंकले उपलब्ध गराएको ग्यारेन्टीको काउन्टर ग्यारेन्टी नेपालका लक्ष्मी र नेपाल इन्भेष्टमेन्ट बैंकले दिएका थिए । लक्ष्मी बैंकले अग्रिम भुक्तानी र इन्भेष्टमेन्ट बैंकले कार्यसम्पादनको काउन्टर ग्यारेन्टी उपलब्ध गराएका थिए ।

'ठेकेदारलाई पनि ठेक्का तोडिएको सूचना दिई ग्यारेन्टी रकम जफत गरिदिन बैंकलाई पत्राचार गरेका छौं,' आयोजना प्रमुख घिसिङले भने ।

कम्पनीले अग्रिम भुक्तानी र कार्यसम्पादन बैंक ग्यारेन्टी क्रमश: ४२ लाख ७५ हजार अमेरिकी डलर, करिब २४ लाख डलर तथा ९ करोड रुपैयाँ राखेको छ । ठेकेदार कम्पनीले प्राधिकरणको निर्णय कार्यान्वयन नआउँदै यसलाई रोक्न माग गर्दै पुनरावेदन अदालत पाटनमा रिट दायर गरेको छ ।

प्राधिकरणले ठेक्का तोडेको सूचना नदिएकै अवस्थामा ठेकेदार अदालत गएको छ । प्राधिकरणले ठेक्का तोड्ने र बैंक ग्यारेन्टी जफत गर्ने निर्णय कार्यान्वयनमा रोक लगाउन अन्तरिम आदेश माग्दै अदालतमा रिट दायर गरेको हो ।

पैसा अभावको कारण देखाउँदै सिभिल ठेकेदार भारतीय कम्पनी आइभिआरसिएलले काम नगरेपछि विद्युत् प्राधिकरणले ३० दिने सूचना (नोटिस टु करेक्सन) दिएको थियो । कम्पनीले प्राधिकरणको सूचना ठेक्का सम्झौताविपरीत भएको दाबी गर्दै गत पुसमा पुनरावेदन अदालतमा रिट दायर गरेको थियो ।

सुरुमा ठेकेदारमाथि कारबाही नगर्न अन्तरिम आदेश दिएको पुनरावेदन अदालत पाटनले गत १७ जेठमा मुद्दाको अन्तिम फैलसा गर्दै आइभिआरसिएलको रिट निवेदनलाई खारेज गरिदिएको थियो ।

भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण र नेपाल सरकार तथा विद्युत् प्राधिकरणको संयुक्त लगानीमा आयोजना निर्माण हुन लागेको हो । एक्जिम बैंकको ऋण लिएका कारण ठेकेदार र परामर्शदाता कम्पनी दुवै भारतीय छन् । भारतीय कम्पनीबीच गराएको प्रतिस्पर्धामा टाट पल्टिएको कम्पनी आइभिआरसिएललाई छनोट गरिएको थियो ।

एक्जिम बैंकबाट लिएको ऋण सिभिलतर्फका विद्युत्गृह, बाँध, सुरुङलगायत संरचना निर्माण र परामर्शदातामा खर्च हुनेछ । आयोजनाको कुल लागत ६ करोड ७० लाख अमेरिकी डलर छ ।

‘ठेक्का सम्झौता भएको ५ वर्ष पूरा हुँदासमेत आयोजना सकिनुपर्ने वेलामा अहिलेसम्म पूर्ण रूपमा ठेकेदार परिचालन भएको थिएन । ०७३ जेठमा सक्ने लक्ष्य राखिएको आयोजनाको अहिलेसम्मको वित्तीय र भौतिक प्रगति करिब १२/१२ प्रतिशत मात्रै छ ।

श्रोतः आर्थिक दैनिक, २०७२/३/६

# आँधीखोला जलविद्युत् आयोजनामा पाँच युनियनको संयुक्त धारणा

**'बदनाम सीजीजीसीसँग प्राधिकरणलाई साझेदार बनाउनुहुँदैन'**

**आर्थिक संवाददाता** ,
**काठमाडौं, असार ६** ,

नेपालको जलविद्युत् क्षेत्रमा बदनामी कमाउँदै गएको चिनियाँ कम्पनी चाइना गेजुवा ग्रुप इन्टरनेशनल इन्जिनियरिङ्ग कम्पनी लिमिटेड (सीजीजीसी)सँग नेपाल विद्युत् प्राधिकरणलाई साझेदार नबनाउन प्राधिकरणका पाँचवटा युनियनले माग गरेका छन् । १८० मेगावाट क्षमताको जलाशययुक्त आँधीखोला जलविद्युत् आयोजना चिनियाँ कम्पनी सीजीजीसी र प्राधिकरणले संयुक्तरुपमा विकास गर्ने तयारी गरेको बेला युनियनहरुले आइतबार संयुक्त धारणा सार्वजनिक गर्दै सीजीजीसीसँग प्राधिकरणलाई साझेदार बनाउनै नहुने बताएका हुन् ।
पाँचवटा युनियनले जारी गरेको संयुक्त धारणामा भनिएको छ, 'नेपाल विद्युत् प्राधिकरणले सर्भे अनुमति पाएको केही समय नबित्दै सीजीजीसी र प्राधिकरणको ८५/१५ को अनुपातमा सेयर हिस्सा रहने गरी विदेशी साझेदार उक्त आयोजनामा ल्याउन खोज्नु भनेको नेपाल विद्युत् प्राधिकरणको काँधमा बन्दुक राखेर वैदेशिक कम्पनीको स्वार्थको गोली पड्काउनखोज्नु हो भन्ने हाम्रो ठम्म्याइ छ । विना प्रतिस्पर्धा उक्त कम्पनीलाई यस आयोजनामा साझेदार बनाउने प्रक्रिया जायज मान्न सकिँदैन । यदि उक्त आयोजनामा सोही कम्पनी ल्याउनुपर्ने नै हो भने नेपाल विद्युत् प्राधिकरणलाई साझेदारीबाट बाहिर राखिनुपर्दछ ।'

प्राधिकरण सञ्चालक समितिबाट उक्त आयोजनाको बारेमा निर्णय गर्ने प्रयास गर्दा युनियनहरुले विरोध गरेको कारण सफल हुनसकेको थिएन । केही दिनअघि ऊर्जामन्त्री राधा ज्ञवालीसँग युनियनहरुले कुरा गरेर साझा धारणा बनाउने बताएका थिए । लामो अध्ययन गरेर युनियनहरुले आइतबार उक्त धारणा बाहिर ल्याएका हुन् । विगतमा पनि नेपाल विद्युत् प्राधिकरणले अध्ययन गरेका कतिपय आयोजनाहरु अन्य स्वदेशी  तथा विदेशी निजी कम्पनीहरुलाई दिइएका थिए । प्राधिकरणले अध्ययनबापत गरेको खर्च सम्बन्धित कम्पनीहरुबाट भुक्तानी दिलाउन पटक–पटक आग्रह गर्दा समेत विद्युत् विकास विभाग र

ऊर्जा मन्त्रालय उदासीन रहँदै आएको भन्दै युनियनहरुले भनेका छन्, ‘प्राधिकरणबाट यसअघि भएको सम्पूर्ण खर्च सम्बन्धित कम्पनीबाट शोधभर्ना उपलब्ध गराउनुपर्दछ ।’

प्राधिकरणकाले अध्ययन गरेका आयोजना निजी क्षेत्रलाई दिँदा सरकारले मापदण्ड बनाई प्रतिस्पर्धाका आधारमा दिनुपर्ने अडान पनि युनियनहरुको छ । ‘प्राधिकरण पनि सरकारको पूर्ण स्वामित्व रहेको संस्था भएकोले स्वदेशीले विदेशी निजी क्षेत्रका कम्पनीहरुसँग कारोबार गर्दा वा साझेदारी सम्झौता गर्दा प्रतिस्पर्धाको माध्यमलाई अवलम्बन गर्नुपर्छ’, युनियनहरुले सार्वजनिक गरेको धारणामा भनिएको छ ।

युनियनहरुले आफ्नो धारणा प्राधिकरणका कार्यकारी निर्देशकमार्फत मन्त्री ज्ञवालीलाई पठाएका छन् । प्राधिकरणको राकसका अध्यक्ष सिताराम थापा, नेराकसका उपाध्यक्ष केदारबहादुर लामिछाने, कक परिषद्का अध्यक्ष अमृतबहादुर खापुङ्ग, कर्मचारी संघका अध्यक्ष जनार्दन भट्टराई र कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद रिमालले उक्त संयुक्त धारणामा हस्ताक्षर गरेका छन् । नेपालको विद्युत् क्षेत्रमा सीजीजीसीले जहाँ–जहाँ हात हाल्छ, त्यहाँ विवाद देखिएको कारण ऊसँग साझेदार बन्न नहुने ठहर गरिएको युनियनका एक नेताले बताए । ‘सीजीजीसीसँग साझेदार बन्नु भनेको बदनामी कमाउनु हो’, युनियनका एक नेताले भने, ‘आँधीखोला प्राधिकरणले अगाडि नबढाउने हो भने खुला प्रतिस्पर्धाबाट अरुलाई दिइनुपर्छ र सीजीजीसीजस्ता बदनाम कम्पनीसँग साझेदारी गर्नुहुँदैन ।’

श्रोतः कान्तिपुर, २०७२/३/७

# ठेकदारप्रति कडा बन्दै प्राधिकरण

राहुघाट जलविद्युत् आयोजनाको ठेक्का खारेज गरी जमानत जफत गर्ने प्रक्रियासमेत सुरु गरेको विद्युत् प्राधिकरणले अन्य ठेकेदारप्रति पनि कडा व्यवहार गर्न सुरु गरेको छ ।

सबै आयोजना समयमै सक्न प्राधिकरण ठेकेदारप्रति कडा हुन थालेको हो । प्राधिकरणले आयोजना निर्माणमा ढिलाइ गर्ने ठेकेदारलाई नछाड्ने जनाएको छ ।

राहुघाटपछि प्राधिकरणले निर्माणाधीन काबेली करिडोर प्रसारण लाइनको ठेकेदारलाई पनि समयमा नबनाए ठेक्का खारेज गर्ने चेतावनी दिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले काबेली करिडोर प्रसारण लाइनको भ्रमण गरे लगत्तै चेतावनी दिएका हुन् । ‘नरम व्यवहार गरेर भएन,’ उनले भने, ‘हाम्रो गल्ती भए त्यसलाई पनि समीक्षा गरिन्छ र सम्बन्धित अधिकारीलाई जे गर्नुपर्ने हो गरिन्छ । ठेकेदारको गल्ती भए उसलाई पनि छाडिन्न ।’

कार्यकारी निर्देशक काफ्लेले सोझै ठेक्का खारेज गर्ने नभएर घुमाउरो भाषामा यस्तो चेतावनी दिएका हुन् । ‘समयमा नबने आयोजनाको म्याद थपिन्न भनेर प्रस्ट रूपमा भनेको छु,’ उनले भने । उनले काबेली करिडोर, भरतपुर–बर्दघाट, हेटौंडा– भरतपुर र हेटौंडा–ढल्केबर–दुहबी प्रसारण लाइनका ठेकेदारलाई समयमा काम नसके म्याद नथप्ने चेतावनी दिएका हुन् । यी प्रसारण लाइनका केही ठेकेदारको म्याद असारभित्र र केहीको म्याद आगामी साउभित्र् सकिँदै छ । म्याद नथपे ठेक्का सम्झौता खारेज हुनेछ ।

काफ्लेले काबेली करिडोरका ठेकेदार जगुवार ओभरसिज एस्टर जेभी प्रालिलाई गत बिहीबार २ साताभित्र पहिलो खण्डको प्रसारण लाइनको काम सिध्याउन कडा निर्देशनसमेत दिएका छन् । उक्त निर्देशन पालना नभए म्याद नथप्ने संकेत पनि उनले दिएका छन् । पहिलो खण्डको पहिलो खण्डमा दमकदेखि इलामसम्मको ३४ किलोमिटर पर्छ । यो खण्डको ९५ मध्ये ९४ टावर निर्माण हालै सम्पन्न भएको छ । तर तार तान्ने काम भने पूर्ण रूपमा सकिएको छैन ।

कुल ९० किलोमिटर लामो काबेली करिडोरको ठेक्का सम्झौता सन् २०१० सेप्टेम्बरमा भएको हो । यो प्रसारण लाइन सन् २०१३ सेप्टेम्बरमा बनिसक्नुपश्र्यो । तर ३ खण्डमा निर्माण हुने यो प्रसारण लाइनको खण्ड २ र खण्ड ३ को निर्माण हालसम्म सुरु भएको छैन ।

दोस्रो खण्डमा फिदिमदेखि सोयाकसम्म ४१ किलोमिटर पर्छ । यो खण्डमा १ सय २३ वटा टावर निर्माण गर्नुपर्छ । तर प्राधिकरणले ५५ वटा टावर निर्माण गर्न मात्र जग्गा उपलब्ध गराउन सकेको छ । प्राधिकरणले उपलब्ध गराएको टावरको जग्गा नियमित नभएर छरिएका छन् । त्यही भएकाले जगुवारले काम गर्न सकेको छैन । तेस्रो खण्डको जग्गा अधिग्रहण नै हुन सकेको छैन । काफ्लेले जग्गा अधिग्रहणलगायत कामलाई तीव्रता दिने बताए ।

२ सय २० केभी हेटौंडा–भरतपुर प्रसारण लाइन पनि सन् २००९ मा सुरु भएको हो । निर्माण सुरु भएको करिब ६ वर्ष बितिसक्दा पनि यो प्रसारण लाइनको काम सकिएको छैन । यो प्रसारण लाइनको पटकपटक थपिएको समय सकिनै लागेको छ । यो प्रसारण लाइनको निर्माण लागत २ अर्ब ४२ करोड ५० लाख रुपैयाँ अनुमान गरिएको ७५ किलोमिटर लामो छ । यो प्रसारण लाइनमा २ सय २६ टावर बनाउनुपर्छ । तर करिब आधा मात्र काम भएको प्राधिकरण स्रोतको भनाइ छ ।

सन् २००९ मै सुरु भएको २ सय २० केभी डबल सर्किट भरतपुर–बर्दघाट प्रसारण लाइन पनि सकिएको छैन । थपिएको समयअनुसार यो प्रसारण लाइन चालू आर्थिक वर्षभित्र सकिनुपर्छ । ७४ किलोमिटर लामो यो प्रसारण लाइनको अनुमानित लागत १ अर्ब ७० करोड रुपैयाँ छ ।

विश्व बैंकको ऋण सहयोगमा बन्न लागेको हेटौंडा–ढल्केबर–दुहबी ४ सय केभी प्रसारण लाइन पनि समस्यामा छ । रणनीति र व्यापारिक महत्त्वको यो अन्तरदेशीय प्रसारण लाइन निर्माण भए नेपाल र भारतबीच १ हजार मेगावाट विद्युत् आदानप्रदान गर्न सकिन्छ ।

श्रोतः अभियान, २०७२/३/७

## पाँचओटै कर्मचारी सङ्गठनको माग : ‘प्रतिस्पर्धाको आधारमा मात्र आँधीखोलामा जेडीए’

नेपाल विद्युत् प्राधिकरणका पाँचओटै कर्मचारी सङ्गठनले आँधीखोला जलविद्युत् आयोजनाको साझेदारी विकास सम्झौता (जेडीए) प्रतिस्पर्धाको आधारमा गर्न सञ्चालक समितिलाई पत्र लेखेका छन् । ऊर्जामन्त्री राधाकुमारी ज्ञवाली अध्यक्ष रहेको प्राधिकरण सञ्चालक समितिले पटकपटक विनाप्रतिस्पर्धा चिनियाँ कम्पनी चाइना गेजुवा ग्रूप अफ पावर कम्पनी (सीजीजीसी)सँग सम्झौता गर्ने प्रयास गरेपछि कर्मचारीले उक्त पत्र लेखेका हुन् । ‘उक्त चिनियाँ कम्पनीसँग सम्झौता नगर्न सबैतिरबाट यत्रो विरोध भइरहँदा पनि त्यही कम्पनीसँग सम्झौता हुनैपर्ने मन्त्रीको ढिपीले आशङ्का जन्माएको छ,’ प्राधिकरण कर्मचारी सङ्घका अध्यक्ष जनार्दन भट्टराईले भने । यसकारण पनि सम्पूर्ण प्रक्रिया पारदर्शी बनाई प्रतिस्पर्धाबाट अगाडि बढ्न पाँचओटै सङ्गठनले पत्र लेखेको उनको भनाइ छ ।

कर्मचारी सङ्गठनहरूले पत्रमा विनाप्रतिस्पर्धा गर्न खोजिएको सम्झौताप्रति ‘घोर असहमति’ रहेको उल्लेख गरेका छन् । यस्तो असहमति राखेर पत्र लेख्ने कर्मचारी सङ्गठनहरूमा राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, कर्मचारी कल्याण परिषद्, नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घ र नेपाल विद्युत् प्राधिकरण कर्मचारी युनियन रहेका छन् ।

सञ्चालक समितिले सीजीजीसीको ८५ प्रतिशत र प्राधिकरणको १५ प्रतिशतको अनुपातमा शेयर अंश रहने गरी साझेदार विकास सम्झौता गर्न खोजिरहेको छ ।

कर्मचारी सङ्गठनहरूले भने विदेशी साझेदारलाई त्यसरी उक्त आयोजनामा ल्याउन नहुने धारणा राखेका छन् । सङ्गठनहरूले लेखेको पत्रमा भनिएको छ, ‘प्रतिस्पर्धाको विधिविना नै उक्त कम्पनीसँग सम्झौता गर्नु भनेको प्राधिकरणको काँधमा बन्दुक राखेर वैदेशिक कम्पनीको स्वार्थको गोली पड्काउन खोज्नु हो ।’

उक्त आयोजनामा साझेदारको रूपमा सीजीजीसीलाई नै ल्याउने हो भने पनि पाँच ओटा शर्त मान्नुपर्ने कर्मचारी सङ्गठनहरूको भनाइ छ । प्रतिस्पर्धाको विधि अनिवार्य अपनाउनुपर्ने, प्राधिकरणलाई साझेदार बनाउन नहुने, प्राधिकरणबाट यसअघि आयोजना अध्ययनमा भएको सम्पूर्ण खर्च सम्बन्धित कम्पनीबाट शोधभर्ना गरिनुपर्ने शर्त छन् । साथै प्राधिकरणको कालिगण्डकी ए जलविद्युत् केन्द्रबाट हुने उत्पादनमा पुग्ने क्षति विश्लेषण गरी क्षतिपूर्तिको सुनिश्चितता हुनुपर्ने र जलाशययुक्त आयोजनाबाट उत्पादन हुने विद्युत् खरीद सम्झौताबारे स्पष्ट नीति हुनुपर्ने पनि शर्त राखिएका छन् ।

कर्मचारी सङ्गठनहरूले हालको निर्णय प्रक्रिया बन्द गर्नसमेत आग्रह गरेका छन् ।  त्यसो नगरिए प्राधिकरणको हितको लागि कडा कदम चाल्न बाध्य हुने पत्रमा उल्लेख छ । कस्तो कदम चाल्दै हुनुहुन्छ भन्ने अभियानको प्रश्नमा कर्मचारी सङ्घका अध्यक्ष भट्टराईले त्यसबारे छलफलबाट तय हुने जानकारी दिए ।

कर्मचारी सङ्गठनका अनुसार सम्झौता गर्न लागिएको चिनियाँ कम्पनीको विगतको रेकर्ड खराब रहेको छ । गत मङ्सिरमा संसद्को सार्वजनिक लेखासमितिले चिलिमे जलविद्युत् आयोजनामा अनियमितता गरेको भन्दै सीजीजीसीलाई कारबाहीको सिफारिश गरेको थियो ।  १ सय ८० मेगावाट क्षमताको जलाशययुक्त आँधीखोला जलविद्युत् आयोजना निर्माणको अनुमतिपत्र नेपाल विद्युत् प्राधिकरणसँग रहेको छ ।

श्रोतः नयाँ पत्रिका, २०७२/३/७

## कालीगण्डकी ‘ए’ ठेकेदारलाई ९९ सय करोड कर मिनाहा

**सचेन गौतम**

कर फस्र्योट आयोगले विद्युत् प्राधिकरण र कालीगण्डकी ‘ए’ जलविद्युत् आयोजनाको सिभिल ठेकेदारबीचको विवाद समाधान गर्न ९९ करोड ८ लाख रुपैयाँ कर मिनाहा गरेको छ ।

आयोग, नेपाल विद्युत् प्राधिकरण र ठेकेदारबीच भएको आपसी समझदारीबाट आर्थिक वर्ष ०५८/५९, ०५९/६०, ०६१/६२ र ०६२/६३ को दाखिला गर्न बाँकी आयकर, अग्रिम कर र विशेष शुल्कः (शुल्क तथा ब्याजसमेत) समेतको एकमुष्ठ कर ७५ करोड ८७ लाख रुपैयाँ मात्रै तिर्ने सहमति भएको हो । सहमतिमा गत बिहीबार हस्ताक्षर भएको छ । ठेकेदारले तिर्नुपर्ने कर १ अर्ब ७४ करोड ९५ लाख रुपैयाँ पुगेको थियो । सम्झौतापत्रमा आयोग अध्यक्ष लुम्बध्वज महत, सदस्यद्वय उमेशप्रसाद ढकाल तथा चुडामणि शर्मा, प्राधिकरणका तर्फवाट कार्यकारी निर्देशक मुकेशराज काफ्ले र ठेकेदार कम्पनीका प्रतिनिधिले हस्ताक्षर गरेका हुन् । प्राधिकरणले ठेकेदारका तर्फबाट सम्झौतापत्रमा हस्ताक्षर भएको १५ दिनभित्र कर दाखिला गरिसक्नुपर्नेछ ।

प्राधिकरण र ठेकेदार कम्पनीबीच १० वर्षभन्दाअघिको विवाद समाधान गर्न प्राधिकरणले कर तिरिदिने सहमति भएको थियो । ठेकेदारको कर बक्यौता फरफारकको जिम्मा प्राधिकरणले लिएको थियो । आयोगले प्राधिकरणको कमजोर वित्तीय अवस्थालाई आधार मानी कर मिनाहा गरेर लामो समयदेखिको विवाद समाधान गरिएको जनाएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले दाखिला गर्नुपर्ने रकम उपलब्ध गराइदिन सरकारसँग आग्रह गरिएको बताए । ‘कर मिनाहा भएपछि ठेकेदारसँगको विवाद समाधान भएको छ, कर दाखिला गर्ने रकम उपलब्ध गराइदिन सरकारसँग आग्रह गरेका छौँ,’ काफ्लेले भने ।

विद्युत् प्राधिकरणले आयोजनाको सिभिल ठेकेदार इटालियन कम्पनी इम्प्रेजिलो एसपिएलसँगको विवाद टुंग्याउँदै ठेकेदारले तिर्नुपर्ने कर मिनाहाका लागि सरकारलाई आग्रह गरेको थियो । यसअघि अर्थ मन्त्रालयले इम्प्रेजिलोले तिर्नुपर्ने कर छुट दिन वा त्यसबराबरको रकम विद्युत् प्राधिकरणको सेयरमा पुँजीकृत गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्न ऊर्जा मन्त्रालयलाई सहमति दिएको थियो । अर्थले दिएको सहमतिका आधारमा ऊर्जाले कर मिनाहा गरी सोहीबराबरको रकम प्राधिकरणको सेयरमा पुँजीकृत गर्ने प्रस्ताव स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस गरेको थियो । तर, मन्त्रिपरिषद्ले त्यसलाई फिर्ता पठाएको थियो ।

प्राधिकरणले निर्माण सम्पन्न भएको १० वर्षपछि ठेकेदारसँगको विवाद करिब तीन वर्षअघि टुंग्याइएको थियो । सम्झौताअनुसार प्राधिकरणले ठेकेदारलाई ८५ लाख अमेरिकी डलर (करबाहेक) तिर्नुपर्नेछ । कर मिनाहा निर्णय नभएका कारण प्राधिकरणले ठेकेदारलाई सम्झौताअनुसारको रकम भुक्तानी दिन सकेको थिएन ।

प्राधिकरणका उत्पादन निर्देशनालयका उपकार्यकारी निर्देशक शेरसिंह भाटले कर दाखिला भएपछि ठेकेदारलाई रकम भुक्तानी दिइने बताए । '४२ लाख ५० हजार डलर यसअघि नै भुक्तानी दिइसकेका थियौँ, बाँकी ४२ लाख ५० हजार डलर कर दाखिला भएपछि ठेकेदारलाई दिन्छौँ,' उनले भने ।
प्राधिकरणले पहिलो किस्ता ठेकेदारलाई दिएपछि ठूला करदाता कार्यालयले कर विवाद समाधान नभई दोस्रो किस्ता भुक्तानीमा रोक लगाएको थियो ।
भुक्तानी विवाद टुंग्याउने सहमतिपछि प्राधिकरणले इटालीको 'कोर्ट अफ मिलान'मा हालेको मुद्दा फिर्ता लिएको थियो । दुवै पक्षले मेलमिलापमार्फत विवाद टुंग्याउने सहमति भएपछि मुद्दा फिर्ता लिएका थिए ।
प्राधिकरणले आयोजना निर्माण भइरहेका वेला ठेकेदारसँग विवाद बढेपछि इम्प्रेजिलोले इटालीको मिलानमा रहेको बैंक 'बैंका इन्टेसा'मा राखेको परफर्मेन्स ग्यारेन्टीबापतको रकम जफत गर्ने निर्णय गरेको थियो ।
रकम दिन अस्वीकार गरेपछि प्राधिकरणले बैंकविरुद्ध कोर्ट अफ मिलानमा मुद्दा हालेको थियो । अदालतले ग्यारेन्टीबापतको रकम प्राधिकरणको खातामा रहने फैसला गरेको थियो । प्राधिकरणले ठेक्का सम्झौताअनुसार रकम भुक्तानी नगरेको भन्दै इम्प्रेजिलोले फ्रान्सको पेरिसस्थित अन्तर्राष्ट्रिय अदालत (इन्टरनेसनल चेम्बर अफ कमर्स) मा एकतर्फी रकम दाबी गर्दै मुद्दा दायर गरेको थियो ।
अन्तर्राष्ट्रिय अदालतले २ करोड ६ लाख १६ हजार डलर प्राधिकरणले इम्प्रेजिलोलाई भुक्तानी गर्नुपर्ने फैसला गरेको थियो । आइसिसीले इम्प्रेजिलोको मागअनुसार नै फैसला गरेपछि प्राधिकरणले बदर माग गर्दै नेपालको मध्यस्थता ऐनअनुसार पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको थियो ।
विवाद समाधान गर्ने समझदारीपछि पुनरावदेन अदालत पाटनमा रहेको मुद्दा फिर्ता लिइएको थियो ।
आयोजना निर्माणका लागि सुरुमा ७ अर्ब ३५ करोड रुपैयाँमा ठेक्का भएकामा ढिलाइका कारण ठेक्का रकम बढेर १२ अर्ब १८ करोड रुपैयाँ पुगेको थियो ।

श्रोतः अभियान, २०७२/३/८

# माथिल्लो तामाकोशी आयोजनाको सुरक्षा बेश पहिरोले पुर्‍यो

**- सुरक्षाकर्मी सकुशल**

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सुरक्षाका लागि लामावगरमा तैनाथ नेपाली सेनाको बर्द वहादुर गणअन्तर्गतको सुरक्षा बेश पहिरोले पुरेको छ । नेपाली सेनाका अनुसार अविरल बर्षाद्को कारण सोमवार दोलखा जिल्लाको लामावगर गाविस ३ स्थित तल्लोवस्तीमा पहिरो जाँदा सेनाको बेशसमेत पुरिएको हो । पहिरोले नेपाली सेनाको ३ ओटा बङ्कर, जवान लाइन, अधिकृत मेश, अप्रेशन रुम, खाद्यान्न स्टोरसहित भान्छा समेत पुरेको छ ।

आयोजना निर्माणका लागि आवश्यक बिस्फोटक पदार्थ सेनाको बङ्करभित्र राखिएको र पहिरोका कारण विस्फोट भएको बताइएको छ । बिस्फोटबाट लामावगर सुरक्षा बेशसँगै मजदुर बस्ने स्थान, आयोजनाको कार्यालय भवन तथा त्यसआसपासका केहि घरका ढोका र भ्mयालको सिसा फुटेको सेनाले जानकारी दिएको छ । पहिरोबाट बच्न भाग्ने क्रममा ढुङ्गाले लागि ९ जना सैनिक सामान्य घाइते भएको बताइएको छ । सो स्थानको विस्तृत अध्ययनका लागि मङ्गलवार नेपाली सेनाको इञ्जिनियर्स टोली लामावगरस्थित बेश क्याम्पतर्पm प्रस्थान गरिसकेको समेत नेपाली सेनाको भनाइ छ ।

श्रोतः आर्थिक दैनिक, २०७२/३/८

# नेपालमा जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न विदेशीसँग आग्रह

ऊर्जामन्त्री राधा ज्ञवालीले नेपालमा जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेकी छिन् । नेपालले छिमेकी देशसँग विद्युत् व्यापार सम्झौता (पीटीए) गरेको कारण जति विद्युत् उत्पादन गरे पनि बजारको अभाव नभएको भन्दै जलाशययुक्त आयोजनाका लागि जोड दिएकी हुन् । अघिल्लो साता फिलिपिन्सको मनिलामा विश्व ऊर्जा आयोग र एसियाली विकास बैंकले आयोजना गरेको छुट्टाछुट्टै कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ज्ञवालीले उक्त आग्रह गरेकी हुन् । विश्व ऊर्जा अयाोगले विश्व ऊर्जा लिडर समिट र एसियाली विकास बैंकले एसिया क्लिन इनर्जी फोरम आयोजना गरेको थियो । नेपालको ऊर्जा विकासमा प्राकृतिक विपत्ति र वातावरणीय परिवर्तन चुनौतीको रुपमा रहेको भन्दै मन्त्री ज्ञवालीले त्यसको सामना गर्न अझ सशक्त कदम चाल्न आवश्यक रहेको बताएकी थिइन् ।

भूकम्पपछि नेपालमा लगानीका लागि अवसर निर्माण भएको आफूले अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको उल्लेख गर्दै मन्त्री ज्ञवालीले ऊर्जा सुरक्षा, सामाजिक उत्तरदायित्व र वातावरणीय प्रभावलाई विशेष ख्याल गर्नुपर्नेमा 'वल्र्ड इनर्जी लिडरसिप समिट'ले विशेष जोड दिएको जानकारी दिइन् । भारत, पाकिस्तान, बङ्गलादेश, भुटान, ब्राजिल, युरोपेली सङ्घ आबद्ध मुलुकले नेपालको ऊर्जा क्षेत्रमा विशेष चासो राखेको जानकारी मन्त्री ज्ञवालीले दिइन् । विश्वमा हालसम्म पनि ८७ प्रतिशत ऊर्जा परम्परागत स्रोतमा नै निर्भर रहेको र त्यसमा विशेष गरी पेट्रोलियम पदार्थले नै प्रमुख हिस्सा लिएको सन्दर्भमा जलस्रोतको धनी हुनुको नाताले नेपाल नै लगानीका लागि स्वर्णभूमि रहेको अन्तर्राष्ट्रिय समुदायले थाहा पाएको मन्त्री ज्ञवालीको भनाइ छ । नेपालको समग्र जलविद्युत् क्षेत्र नदी प्रवाहमा आधारित भएकाले हिउँदको समयमा ऊर्जासङ्कट कायम रहने गरेको छ । जलाशययुक्त आयोजनालाई विशेष प्राथमिकता दिनुपर्ने, सामाजिक सहभागिता बढाउनुपर्ने र ऊर्जाका विभिन्न स्रोतलाई समानरूपमा अगाडि बढाउनुपर्ने आवश्यकता देखिएकामा आफूले सम्मेलनमा विशेष जोड दिएको मन्त्रीले जानकारी दिइन् ।

यस्तै, नेपाल भूकम्पको जोखिमयुक्त क्षेत्रमा रहेको र गत वैशाख १२ गतेको गोरखा भूकम्पका कारण करिब १५ अर्बबराबरको क्षति भएको सन्दर्भमा आगामी दिनमा अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपाय खोज्नुपर्ने मन्त्री ज्ञवालीले बताएको राससले जनाएको छ । भूकम्पले नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका आयोजनाभन्दा निजी क्षेत्रका आयोजना बढी क्षतिग्रस्त भएको स्वतन्त्र ऊर्जा उत्पादक संस्था(इपान)ले समेत जानकारी गराइसकेकाले थप तयारी गर्नुपर्ने आवश्यकता देखिएको छ । भूकम्प र प्राकृतिक विपद्बाट जलविद्युत् आयोजना जोगाउनका लागि थप लगानी गर्नुपर्ने, भौगर्भिक अध्ययनमा विशेष जोड दिनुपर्ने आवश्यकता अन्तर्राष्ट्रिय समुदायले औँल्याएका छन् । भारतीय बजारलाई केन्द्रमा राखेर नेपालमा जलविद्युत् आयोजना अगाडि बढेको, माथिल्लो कर्णाली, अरूण तेस्रोजस्ता ठूला आयोजना निर्माण सुरु हुनलागेको, विगत लामो समयदेखि अवरुद्ध रहेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको काम पनि सुरु हुनलागेको सन्दर्भमा थप लगानीको वातावरण तयार पार्नुपर्ने देखिन्छ ।

श्रोतः आर्थिक दैनिक, २०७२/३/९

# पाँचवटा जलविद्युत् आयोजना करार गर्ने विषयमा मन्त्री र सचिवबीच मतभेद

**अख्तियारको निर्देशन मान्ने कि मन्त्रिपरिषद्को निर्णय भन्नेमा ऊर्जासचिव सङ्कटमा**

**रामप्रसाद पुडासैनी** ,

पाँचवटा जलविद्युत् आयोजनाको लाइसेन्स करार गरेर दिनेबारे ऊर्जामन्त्री राधा ज्ञवाली र सचिव राजेन्द्र किशोर क्षेत्रीबीच मतभेद देखिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत भदौ १३ गते चार आयोजना र कात्तिक ११ गते १० आयोजनाको लाइसेन्स नवीकरण नगर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिएको थियो । सोही निर्देशनअनुसार ऊर्जासचिव क्षेत्रीले ती आयोजनाको लाइसेन्स रद्द गरेका थिए । सचिवले लाइसेन्स रद्द गरेपछि व्यवस्थापिका संसद्को अर्थ समितिले लाइसेन्स रद्द नगर्न निर्देशन दिएको थियो । संसद्को कृषि तथा जलस्रोत समिति र अर्थ समितिको निर्देशनअनुसार ऊर्जामन्त्री ज्ञवालीले मन्त्रिपरिषद्बाट पाँच आयोजनाको करार गराउने निर्णय गराएकी थिइन् । सचिवले अख्तियारको निर्देशन मानेर लाइसेन्स रद्द गरे पनि मन्त्रीले संसद्को समितिमा 'लगानी जोगाइदिने राज्यको दायित्व निर्वाह गर्ने' बताउँदै आएकी थिइन् । सोही प्रतिबद्धताअनुसार मन्त्रिपरिषद्मा प्रस्ताव लगेर पाँच आयोजनाको लाइसेन्स करार गरेर दिने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो ।

उक्त निर्णय कार्यान्वयन गर्नुअघि फेरि ऊर्जा मन्त्रालयले केही महिनाअघि विद्युत् विकास विभागका उपमहानिर्देशक चिरञ्जीवी चटौतको संयोजकत्वमा जल तथा ऊर्जा आयोग र महालेखाका एक÷एक जना प्रतिनिधि रहेको समिति गठन गरेको थियो । उक्त समितिले अघिल्लो साता प्रतिवेदन ऊर्जा मन्त्रालयमा बुझाएको छ । समितिलाई ती आयोजनाले गरेको खर्च मूल्याङ्कन गरी प्रगति विवरण दिन भनिएको थियो । अध्ययनको क्रममा धेरै आयोजनाले खर्च गरेर काम गरेको देखिएपछि समितिले सोहीअनुसारको प्रतिवेदन मन्त्रालयलाई बुझाएको हो । 'सबै आयोजनाले केही न केही काम गरेको देखियो', चटौतले भने, 'तीमध्ये पनि सोलु खोलाले त धेरै भौतिक प्रगति गरेको देखियो । हामीले त्यहीअनुसारको प्रतिवेदन मन्त्रालयमा दिएका छौँ ।'

समितिले समेत खर्चअनुसार काम गरेको देखिएको प्रतिवेदन दिएपछि मन्त्री ज्ञवालीको 'लगानी जोगाइदिने राज्यको दायित्व निर्वाह गर्ने' भन्ने आफ्नो भनाइ पूरा हुने अवस्था आएपछि सचिव क्षेत्रीले आफूले ती आयोजनालाई करार गर्न नसक्ने जानकारी बुधबार मन्त्रीलाई दिएका छन् । मन्त्री करार गरेर

आयोजना अगाडि बढाउने पक्षमा पुगेपछि सचिवले आफूले उक्त निर्णय गर्न नसक्ने र करार गर्न नै नहुने बताएपछि मन्त्री र सचिवबीच मनमुटाव देखिएको हो ।

‘१४ आयोजनाको लाइसेन्स रद्द गर’ भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भनेको कारण लाइसेन्स रद्द गर्ने निर्णय गर्नपुगेका सचिव क्षेत्रीलाई मन्त्रिपरिषद्बाट पाँच आयोजनाको करार गर भनेर निर्देशन प्राप्त भएपछि के गर्ने भन्ने अन्योलमा छन् । अख्तियारले रद्द गर भनेपछि रद्द गरे पनि पुनः करार गर नभनेको कारण आफैंले रद्द गरेको लाइसेन्स कसरी दिने भन्नेमा सचिव क्षेत्री गम्भीर नैतिक सङ्कटमा परेका हुन् । आफैंले रद्द गरेको आयोजनाको लाइसेन्स करारमा दिने भनेर मन्त्रिपरिषद्मा प्रस्ताव लैजान समेत सचिव क्षेत्रीले मानेका थिएनन् । त्यही बेला उनी अमेरिका गएपछि तत्कालीन निमित्त सचिव समीररत्न शाक्यले निर्णय गराएर मन्त्रिपरिषद्मा प्रस्ताव लगेका थिए ।

मन्त्रिपरिषद्ले करार गर भनेर निर्देशन दिने अपेक्षा सचिव क्षेत्रीले गरेका थिएनन् । तर, मन्त्रिपरिषद्ले काबेली ए जलविद्युत् आयोजनाको लाइसेन्स नै रद्द नभएको कारण केही गर्न परेन र पाँचवटा आयोजनाबारे अध्ययन गरेर करार गर्ने निर्णय गरेपछि उनकै पहलमा समिति गठन गरिएको थियो । समितिले समेत खर्च भएको र भौतिक प्रगतिसमेत देखिएको प्रतिवेदन दिएपछि सचिव क्षेत्रीमाथि नैतिक संकट परेको हो । सचिव क्षेत्रीले भने विद्युत् विकास विभागबाट निर्णय भएर आएपछि मात्र आफूले यस बारेमा के गर्ने भन्ने थाहा हुने बताए । ‘चटौतको समितिले दिएको प्रतिवेदन मैले अध्ययन नै गरेको छैन’, सचिव क्षेत्रीले भने, ‘प्रतिवेदन विभागमा पठाइएको छ । उसले निर्णय गरेर पठाएपछि मात्र निर्णय गरौंला ।’
विद्युत् विकास विभागले पनि प्रतिवेदन अध्ययन गरेर चाँडै निर्णयमा पुग्ने बताएको छ । विभागका महानिर्देशक दिनेश घिमिरेले भने, ‘मन्त्रालयबाट प्रतिवेदन प्राप्त भएको छ । अध्ययन गरेर मन्त्रालयमा पेस गरिनेछ ।’ जसले जे निर्णय गरे पनि प्रतिवेदनले दिएको सुझावबाहिर जानसक्ने अवस्थामा विभाग छैन ।

पाँच आयोजनका प्रवद्र्धकहरु भने मन्त्रालयबाट छिटो निर्णयको पर्खाइमा छन् । मन्त्रालयले चाँडो निर्णय नगर्दा उनीलाई ठूलो घाटा लागेको छ । मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्दिनँ भन्ने बल सचिवसँग नहुने भएकाले ढिलो भए पनि आफ्नो पक्षमा काम हुनेमा प्रवद्र्धक आशावादी देखिएका छन् । ‘मन्त्रिपरिषद्को निर्णयमा टेकेर मन्त्रालयले समिति गठन गरेको हो’, छ दशमलव आठ मेगावाटको माथिल्लो खोरुङ्गाखोला जलविद्युत् आयोजनाका प्रवद्र्धक मोहन डाँगीले भने, ‘क्याबिनेटको निर्णय मानेर समिति गठन गरेका सचिवले अब त्यसलाई अगाडि बढाउदिनँ भन्न मिल्दैन ।’ समितिले प्रतिवेदन बुझाएपछि पनि आफूले सचिवलाई भेटेको र प्रतिवेदनअनुसार काम हुने आश्वासन दिएको डाँगीले बताए ।

‘हामीलाई त सचिवले काम अगाडि बढाउँदिनँ भनेका छैनन्’, डाँगीले भने । तर, सचिव क्षेत्रीले बुधबार मन्त्री ज्ञवालीलाई नै भेटेर आफूले ती पाँच आयोजनाको लाइसेन्स विद्युत् ऐनको दफा ३५ अनुसार करार गर्न नसक्ने बताएका हुन् ।

रद्द गरिएका चार सय मेगावाटको तल्लो अरुणबाहेक सबै आयोजनाको लाइसेन्स ब्युँताउन मन्त्रिपरिषद्मा प्रस्ताव लगिएको थियो । कुनैको म्याद थप्ने र कुनैको रद्द गर्दा थप विवाद आउने देखिएपछि मन्त्री ज्ञवालीले तल्लो अरुणबाहेक सबैको म्याद थप गर्ने प्रस्ताव लगेकी थिइन् । तल्लो अरुणको भने पहिले नै लाइसेन्स रद्द भएको कारण म्याद थप गर्न प्रस्ताव लगिएको थिएन । १३ मध्ये ३७ दशमलव सात मेगावाटको काबेली ‘ए’को म्याद नै नसकिएको कारण केही गर्न नपर्ने भन्दै पाँचवटाको बारेमा अध्ययन गरेर करार गर्ने निर्णय मन्त्रिपरिषद्ले लिएको थियो ।

विद्युत् ऐन २०४९ र विद्युत् नियमावली २०५० अनुसार ऊर्जासचिवले जलविद्युत् आयोजनाको सर्वेक्षण, उत्पादन अनुमतिपत्र प्रदान तथा खारेज गर्ने निर्णय गर्नसक्ने उल्लेख छ । सचिवले अख्तियारको निर्देशन अवज्ञा नगरी सबैको लाइसेन्स रद्द गरेपछि मन्त्रीले म्याद थपको निर्णय गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेकी थिइन् । मन्त्रिपरिषद्ले गरेको निर्णयमाथि अख्तियारले छानबिन गर्न पाउँदैन । १४ वटा जलविद्युत् आयोजनाको लाइसेन्स रद्द गर्ने वा नगर्नेबारेको निर्णय दुई महिनाभित्र गर्न व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिले पनि पुस १ गते ऊर्जा मन्त्रालयलाई निर्देशन समेत दिएको थियो ।

अख्तियारले लाइसेन्स नवीकरण नगर्न निर्देशन दिएका आयोजनाहरुमध्ये करुवाखोला— ३६ मेगावाट,  भोटेकोशी–५— ६० मेगावाट, बुकुखोला— ६ मेगावाट, तल्लो इन्द्रवती— ४.५ मेगावाट, छाहारेखोला— १७.५ मेगावाट, मिदिमखोला— ३.४ मेगावाट, माथिल्लो मैलुङखोला— १४.३ मेगावाट, माथिल्लो सोलुखोला— १८ मेगावाट, माथिल्लो खोरुङ्गाखोला— ६.८ मेगावाट, तल्लो बलेफी— २० मेगावाट, कावेली–ए— ३७.७ मेगावाट, माथिल्लो इङ्गवा— ९.७ मेगावाट र बलेफी—बी— ४.५३३ मेगावाटको आयोजनाको म्याद थप्न मन्त्रिपरिषद्मा प्रस्ताव लगिएको थियो । तीमध्ये मिदिमखोला— ३.४ मेगावाट, माथिल्लो मैलुङखोला— १४.३ मेगावाट, माथिल्लो सोलुखोला— १८ मेगावाट, माथिल्लो खोरुङ्गाखोला— ६.८ मेगावाट र माथिल्लो इङ्गवा— ९.७ मेगावाटका आयोजनालाई करार गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । कानुन पृष्ठभूमिका सचिव क्षेत्रीले व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिको गत मंसिर २९ गतेको बैठकमा ‘यो विषयमा एउटा स्पष्ट दिशानिर्देश प्राप्त गरेको खण्डमा ऊर्जा मन्त्रालयले प्रचलित कानुनको आधारमा आफ्ना निर्णय औचित्यपूर्ण ढंगले लिनेछ’ भन्दै आफू अख्तियारको निर्देशनमा अडिग रहेको बताएका थिए ।

त्यही कारण उनले मन्त्रीसमक्ष पाँच आयोजनाको करार गर्न नै नसक्ने भनेर अडान लिएका हुन् । आफूले सबै काम सचिवबाट गराउनसक्छु भन्दै आएकी मन्त्री ज्ञवालीलाई बुधबारको सचिवको अडानले सङ्कटमा पारेको छ । मन्त्रीसँग मिलेर बस्नका लागि सचिवले अख्तियारको निर्देशन प्राप्त भए पनि नभए पनि पाँच आयोजनाको करार गर्नैैपर्ने हुन्छ । आफूले रदद् गरेका आयोजनाको लाइसेन्स ब्युँताउन प्रस्ताव समेत लेख्न नमान्ने सचिवले करार गर्लान् भनेर विश्वास गर्न नसकिने ऊर्जाका एक सहसचिवले बताए ।

श्रोतः नेपाल समाचारपत्र, २०७२/३/९

## तामाकोसीमा पहिरो

अविरल वर्षात्का कारण सोमबार दोलखा जिल्लाको लामाबगर गाविस–३ स्थित तल्लोबस्तीमा पहिरो जाँदा माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको सुरक्षाका लागि लामाबगरमा तैनाथ नेपाली सेनाको बर्दबहादुर गणअन्तर्गत रहेको सुरक्षा बेस पुरिएको छ।
उक्त पहिरोले नेपाली सेनाको ३ वटा बंकर घर, जवान लाइन, अधिकृत मेस, अप्रेसन रुम, खाद्यान्न स्टोरलगायत भान्छा पुरिएको छ। ठूलाठूला ढुंगासहितको सुख्खा पहिरो गएकाले आयोजनाको निर्माणका लागि नेपाली सेनाको क्याम्पभित्र बंकरमा सुरक्षितसाथ राखिएका विस्फोटक पदार्थहरू पुरिन गई ठूलो विस्फोट भएको जनाइएको छ। उक्त विस्फोटनबाट लामाबगर सुरक्षा बेसका साथै मजदुरहरू बस्ने स्थान र माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको कार्यालय भवन तथा वरपरका केही स्थानीय बासिन्दाको पक्की घरका ढोका र झ्यालका सिसाहरू फुटेका छन्।
त्यसै गरी, पहिरो गएको थाहा पाई भाग्ने क्रममा पहिरोबाट खसेको ढुंगाहरूले लागि उक्त बेसमा कार्यरत ९ जना सैनिकहरू सामान्य घाइते भएका छन्। उपचारपश्चात् हाल घाइतेहरूको अवस्था सामान्य रहेको सेनाले जनाएको छ। उक्त इलाकामा भएको क्षतिको विस्तृत विवरण र गर्नुपर्ने इन्जिनियरिङ कार्यको अध्ययनका लागि मंगलबार नेपाली सेनाको ४ जनाको इन्जिनियर्स टोली लामाबगरस्थित बेस क्याम्प पुगेको छ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/३/९

## राहुघाटका ठेकेदार फेरि अदालतमा

ठेक्का सम्झौता रद्द र बैंक ग्यारेन्टी जफ त भएपछि राहुघाट जलविद्युत् आयोजनाको सिभिल ठेकेदार आईभीआरसीएलले फेरि पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेको छ।

पाँच वर्षदेखि ठेक्का पाएर जम्मा ६४ मिटर मात्र सुरुङ खनेको आईभीआरसीएको सम्पूर्ण ठेक्का रद्द गर्ने र करिब ७६ करोड रुपैयाँ बराबरको बैंक ग्यारेन्टी जफ त गर्ने विद्युत् प्राधिकरण सञ्चालक समितिले निर्णय गरेको थियो। सोही निर्णयविरुद्ध ठेकेदार अदालत गएको हो।

गत जेठ १७ गते पुनरावेदन अदालत पाटनका न्यायाधीशद्वय बाबुराम रेग्मी र द्वारिकामान जोशीको संयुक्त इजलासले आईभीआरसीएलको ठेक्का रद्द गर्ने विद्युत् प्राधिकरणको निर्णयलाई सदर गरेका थिए।

यसअघि गत पुसमा सोही अदालतका न्यायाधीश शिवराज अधिकारीको एकल इजलासले ठेक्का सम्झौता नतोड्न र बैंक ग्यारेन्टी जफ त नगर्न प्राधिकरणका नाममा अन्तरिम आदेश जारी गरेको थियो।

ठेकेदारले अदालतमा मुद्दा दर्ता गरेपछि न्यायाधीश शिवनारायण यादवको इजलासले दुवै पक्षलाई बुधबार छलफ लका लागि झिकाउने आदेश दिएको छ।

ठेकेदारले अदालतमा मुद्दा दर्ता गरेपछि न्यायाधीश शिवनारायण यादवको इजलासले दुवै पक्षलाई बुधबार छलफ लका लागि झिकाउने आदेश दिएको छ।

भारतीय एक्जिम बैंकको सहुलियतपूर्ण ऋण रहेको राहुघाट (३२ मेगावाट) को सिभिलतर्फको साढे दुई अर्ब रुपैयाँमा ठेक्का आईभीआरसीएलले पाएको थियो।

भारतीय ऋण भएकाले भारतकै परामर्शदाता हुनुपर्ने दबाबपछि पहिले नियुक्त भएका परामर्शदातालाई हटाई वापकोसलाई ल्याएपछि ठेकेदार आईभीआरसीएलले अढाई वर्षदेखि काम गर्दै आएको हो।

भारतमै टाट पल्टेर 'कर्पाेरेट डेब्ट रिस्ट्रक्चरिङ' (संस्थागत ऋण पुनर्संरचना) गरिसकेको आईभीआरसीएलले वित्तीय अभावका कारण नेपालमा पाएको ठेक्का गर्न नसकेको प्राधिकरणका अधिकारी बताउँछन्।

ठेक्का पाएको पाँच वर्षदेखि हालसम्मको अवधिमा उसले दैनिक औसत २५ सेन्टिमिटरका दरले सुरुङ खन्दै आएको आयोजना प्रमुख कुलमान घिसिङले बताए। आयोजनाको कुल सुरु ङ आठ किलोमिटर छ।

यस हिसाबले आईभीआरसीएलले सुरु ङ खन्न मात्र ८१ वर्ष लगाउने देखिन्छ।म्म्याग्दीमा रहेको यस आयोजनाको लागत आठ अर्ब २७ करोड रुपैयाँ छ।

श्रोतः अभियान, २०७२/३/१०

# अब खोलाकै 'ईआईए'

विनय बञ्जारा

**- रणनीतिक वातावरणीय मूल्याङ्कन छिट्टै**

**- आईएफसीले दियो रू. ९० लाख**

असार ९, काठमाडौं । जलविद्युत् आयोजनाहरूको बेग्लाबेग्लै वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) गर्दा वातावरणीय क्षतिको सही आकलन गर्न नसकिएको भन्दै विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले सम्भाव्य क्षेत्रका खोलाहरूको एकीकृत (क्युमुलेटिभ) ईआईए गर्ने भएको छ । त्यसका लागि मन्त्रालयले छिट्टै नै ईआईएसम्बन्धी निर्देशिका जारी गर्न लागेको मन्त्रालयका सहसचिव महेन्द्रमान गुरुङले बताए । 'एउटा आयोजनाको ईआईए तयार गर्दा त्यसअघि निर्माण भएका आयोजनाले पारेको असरलाई समेत समेटेर मूल्याङ्कन गर्ने पद्धति विकास गर्न लागिएको हो,' उनले भने ।

गुरुङले निर्देशिकाको प्रारम्भिक खाकालाई मन्त्रालयले यो महीनाभित्र अन्तिम रूप दिने बताए । निर्देशिका आइसकेपछि ईआईएको प्रावधान थप स्पष्ट हुने उनले जानकारी दिए । यसले कम समयमा ईआईएको प्रक्रिया पूरा गर्न पनि सहयोग पुग्ने अपेक्षा मन्त्रालयले लिएको छ । सार्वजनिक जानकारीका लागि पत्रिकामा प्रकाशित गर्ने समय घटाएर अन्य विद्युतीय सञ्चारमाध्यमको समेत प्रयोग गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्दा बढी प्रभावकारी हुने देखिएको मन्त्रालयले बताएको छ ।

जलविद्युत् आयोजनाहरूको ईआईए प्रक्रियालाई सुदृढ गर्न र त्यसका प्रावधानहरूलाई सुधार एवम् अद्यावधिक गर्न विश्व बैङ्क समूहअन्तर्गतको अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी)ले ९० हजार अमेरिकी डलर (करीब ९० लाख रुपैयाँ) अनुदान सहायता दिने भएको छ । यससम्बन्धी सम्झौतापत्रमा बुधवार नै हस्ताक्षर भएको हो । सम्झौतापत्रमा सहसचिव गुरुङ र आईएफसीकी नेपाल निर्देशक म्यारी पार्टर पेस्च्काले हस्ताक्षर गरेका छन् ।

सम्झौतापछि आईएफसी र मन्त्रालयले जारी गरेको संयुक्त वक्तव्यमा जलविद्युत् आयोजनाको ईआईएलाई अद्यावधिक गर्न अन्तरराष्ट्रिय स्तरमा भइरहेका ईआईएका नवीनतम अभ्यासहरूलाई समेटेर नियमन संयन्त्र प्रभावकारी बनाउन यो रकम खर्च गरिने उल्लेख छ । सम्झौतामा 'निजीक्षेत्रका ऊर्जा उत्पादकहरूलाई समेत समेटेर क्षमता अभिवृद्धि गर्र्ने' उल्लेख छ ।

'स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)को सहकार्यमा ईआईएका प्रावधानहरू सुधार गर्ने उपाय खोजिने छ,' गुरुङले भने ।

यसैबीच, मन्त्रालयले रणनीतिक वातावरणीय मूल्याङ्कन (स्ट्राटेजिक इन्भारोमेण्ट एसेस्मेण्ट–एसईए) को तयारी भइरहेको पनि जानकारी दिएको छ । 'आउँदो आर्थिक वर्षमा त्यो काम गर्छौं । यसको लागि अतिरिक्त बजेट पनि आवश्यक छैन,' गुरुङले थपे, 'त्यसो भयो भने ईआईएको काम अझ द्रुत गतिमा गर्न सकिन्छ ।' पूरै मुलुकको

वातावरणीय प्रभावलाई केलाउने यस्तो मूल्याङ्कन गर्ने योजना मन्त्रालयले ३ वर्षअघि नै बनाएको थियो । तर, त्यसको प्राविधिक ज्ञान र बजेट अभावमा यो काम छायाँमा परेको थियो ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/३/११

# आँधीखोला प्रस्ताव पारित गराउन मन्त्री ज्ञवालीको अर्को प्रयास

विकास थापा

विवादास्पद आँधीखोला परियोजना चिनियाँ कम्पनीलाई दिनका लागि उजामन्त्री राधा ज्ञवालीले आज अपरान्ह तीन बजे नेपाल विद्युत प्राधिकरणको बोर्ड बैठक बोलाएकी छिन्।

प्राधिकरणका युनियन तथा संचालक समितिका अधिकांश सदस्यहरुबाट विरोध भइरहेका बेला मन्त्री ज्ञवालीले आँधीखोला चिनियाँ कम्पनीलाई सुम्पन हतारमा बोर्ड बोलाएको स्रोतले बतायो। यसअघि पनि मन्त्री ज्ञवालीले आँधीखोलाको प्रस्ताव पारित गराउन पटकपटक प्रयत्न गरेकी थिइन् । तर युनियन र प्राधिकरणभित्रकै विरोधका कारण उनको प्रयास असफल हुँदै आएका थिए।

मन्त्री ज्ञवालीले विस्तृत अध्ययन र छलफलबिना नै हचुवाका भरमा बोर्ड बैठक बोलाएर आँधी खोलाको प्रस्ताव पारित गराउने प्रयासलाई रोक्न युनियन र प्राधिकरणकै कर्मचारी लागेका छन्। विद्युत् प्राधिकरणका पाँचवटै कर्मचारी युनिनले वार्ताका आधारमा बिनाप्रतिस्पर्धा विदेशीलाई दिए कडा आन्दोलन गर्ने चेतावनी दिएका छन्।

मन्त्री ज्ञवालीले पटकपटक यो प्रस्ताव सञ्चालक समितिबाट पारित गराउन बैठकमा प्रस्तुत गरे पनि सञ्चालक विभाजित भएका कारण असफ ल हुँदै आएकी छिन्। सञ्चालक लक्ष्मण अग्रवाल, मनोजकुमार मिश्रा र मन्त्री ज्ञवाली आफैले नियुक्त गरेकी सुरज लामिछानेले यो प्रस्ताव पारित भए प्राधिकरण डुब्नेभन्दै असहमति जनाउँदै आएका छन्।

प्राधिकरणले अध्ययन गरिरहेको आँधीखोला (१८० मेगावाट) आयोजना सीजीजीसीले ८५ प्रतिशत र बाँकी प्राधिकरणले १५ प्रतिशत सेयर लगानी गर्ने गरी संयुक्त विकास सम्झौताको मस्यौदा तयार भइसकेको छ।

विगतमा प्राधिकरणले अध्ययन गरिसकेका आयोजना सरकारले विद्युत् एनको दफा ३५ प्रयोग गरी प्राधिकरणबाट खोसेर विदेशी कम्पनीलाई दिँदा ती आयोजनाका अध्ययन खर्चसमेत सरकारले नदिएकोप्रति युनियनले आपत्ति जनाएका छन्।

'स्वदेशी र विदेशी निजी क्षेत्रका कम्पनीसँग कारोबार वा साझेदारी सम्झौता गर्दा प्रतिस्पर्धाको माध्यमलाई अवलम्बन गर्नुपर्छ,' पत्रमा छ, 'हाल आँधीखोला सम्बन्धमा जे जसरी निर्णय लिन खोजिँदैछ त्यसमा हाम्रो घोर असहमति छ।'

मन्त्री ज्ञवालीलाई पठाइएको पत्रमा एमाले समर्थित कर्मचारी युनियनका अध्यक्ष रामप्रसाद रिमाल, कांग्रेस समर्थित कर्मचारी संघका अध्यक्ष जनार्दन भट्टराई, कर्मचारी कल्याण परिषद्का अध्यक्ष अमृत खापुङ, नेपाल राष्ट्रिय कर्मचारी संघका उपाध्यक्ष केदारबहादुर लामिछाने र राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष सीताराम थापाले हस्ताक्षर गरेका छन्।